# अष्टमासिक योजना अनुगमन प्रतिवेदन

आ.व.०७७/७८

पेश गर्ने

ज्वालामूखी गाउँपालिका

योजना अनुगमन तथा सुपरीवेक्षण समिति

पेश गरिने

ज्वालामूखी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,साँधभञ्ज्याङ,धादिङ

# धन्यवाद मन्तब्य

ज्वालामूखी गाउँपालिकाले अंगीकार गरेको "शिक्षा,स्वास्थ्य,कृषि,पर्यटन र पूर्वाधार-समृद्ध ज्वालामूखीको मूल आधार" लक्ष्य हासिल गर्न विकासका योजना, नीति तथा कार्यक्रमको कार्यान्वयन पक्ष सबल हुन जरुरी छ । छोटो समयावधिमा विकासका लक्ष्यहरू हासिल गर्न तथ्यमा आधारित नीति, योजना र कार्यक्रम तय गर्नु जरुरी भइसकेको छ । योजनाको प्रभावकारी कार्यान्वयन र तथ्यमा आधारित नीति निर्माणको लागि अनुगमन तथा मूल्याङ्कनले महत्वपूर्ण भूमिका खेल्दछ । वर्तमान संङ्घीय संरचना अनुरुप गाउँपालिकाको विभिन्न तहमा हुने अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि रहेको छ । गाउँपालिकाको आवधिक विकास योजनाको लक्ष्यले तोकेका परिणाम प्राप्त गर्नको लागि समेत अनुगमन तथा मूल्याङ्कन प्रणालीमा थप सुधार र परिमार्जन गर्न यस प्रतिवेदनले सघाउ पुऱ्याउनेछ । प्रस्तुत सन्दर्भमा तयार भएको अनुगमन प्रतिवेदनले गाउँपालिका लगायतका निकायलाई अनुगमन तथा मूल्याङ्कन कार्यमा ठोस मार्गदर्शन प्रदान गर्ने तथा भावी दिनमा तर्जुमा गरिने योजनाको लक्ष्य,उद्धेश्य र रणनीति तयार गर्नको लागि आधार तयार गर्नेछ । साथै यस प्रतिवेदनले सङ्घीय तहको अनुगमन एवम् मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाई विकास कार्यक्रम/आयोजनाहरूको अनुगमनको पनि अनुगमन गर्न महत्वपूर्ण योगदान पुऱ्याउनेछ । यस प्रतिवेदनको कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन गाउँकार्यपालिकाले नै गर्नेछ । साथै यस प्रतिवेदन तयार गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न हुने सबैलाई धन्यवाद दिन चाहन्छु ।


जानुका सिम्खडा

संयोजक,अनुगमन तथा सुपरीवेक्षण समिति

ज्वालामूखी गाउँपालिका

# बिषय सूची


भाग १ : परिचय ........ १

१.१ पृष्ठभूमी ........ १

१.२ अनुगमनको उद्धेश्य ........ १

१.३ अनुगमनको ढाँचा एवं विधि ........ २

१.४ अनुगमनको सिमा ........ ३

भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती,विश्लेषण र व्याख्या ........ ४

२.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश ........ ४

२.१.१ सडक तथा गोरेटो बाटो ........ ४

२.१.२ खानेपानी ........ ६

२.१.३ सिंचाई ........ ८

२.१.४ सडक/झोलुङ्गे/ट्रस पुल निर्माण ........ ८

२.१.५ फोहोरमैला व्यवस्थापन ........ ८

प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन । ........ ८

२.१.६ वातावरण तथा जलवायु परिवर्तन ........ ८

प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन । ........ ८

२.१.७ आवास तथा भवन ........ ९

२.१.८ ऊर्जा एवं विद्युतीकरण ........ १०

प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन । ........ १०

२.१.९ पर्यटन प्रवर्द्धन एवं सांस्कृतिक सम्पदा ........ १०

२.१.१० कृषि तथा पशु विकास ........ १०

भाग ३ : प्रमुख उपलब्धिहरु ........ ११

भाग ४ : प्रमुख समस्याहरु ........ ११

भाग ५ : सिकाईहरु ........ ११

भाग ६ : निष्कर्ष र सुझावहरु ........ १२

६.१ निष्कर्ष ........ १२

६.२ सुझावहरु : ........ १२

## भाग १ : परिचय

### १.१ पृष्ठभूमी

योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा स्रोत साधनको प्रवाह समुचित ढंगले भएको छ कि छैन र कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेका व्यक्ति तथा निकायबाट निरन्तर र आवाधिक रुपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ । विकास योजना, नीति, कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयनमा अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । विकासमा गरिएको लगानीको प्रतिफल मापन गर्ने र सेवाग्राहीको जीवनस्तरमा त्यसले पारेको असर तथा प्रभाव आंकलन गरी उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न यसको थप महत्व रहन्छ । विगतका अनुभवबाट पाठ सिक्दै भावी नीति तथा कार्यक्रमलाई तथ्यपरक र नतिजामुखी बनाउन यस्तो व्यवस्था प्रभावकारी हुनुपर्दछ । नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई संस्थागत गर्ने क्रममा नेपाल सरकारले राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७० जारी गरी कार्यान्वयनमा ल्याएको थियो । नयाँ संविधान जारी भएपछि सङ्घ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना अनुरुप स्थानीय तहमा सञ्चालित योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन यसको सफल अभ्यास हुदै आइरहेको छ । यसै सन्दर्भमा ज्वालामूखी गाउँपालिकाले पनि योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिमा योजनाको अनुगमन तथा मूल्याङ्कन पश्चात् अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा छलफल गर्नुपर्ने प्रावधान भए बमोजिम अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको अपरिहार्यता प्रष्ट झल्किन्छ । तसर्थ यस प्रतिवेदनमा अनुगमन गर्दा अपनाउनुपने विधि तथा प्रक्रिया, सूचक तथा सूचनाका स्रोतहरू, संस्थागत व्यवस्था र सूचनाको प्रयोग सम्बन्धी विषयलाई समेटेको छ । प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन यसलाई सहभागितामूलक बनाउन आवश्यक छ । गाउँपालिकाको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्न, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन प्रणालीको विकास गरी तिनलाई गाउँपालिकाका विभिन्न तहहरूमा लागू गरी संस्थागत गर्न, मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीतिहरू र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्न, गराउन र सोको आधारमा गाउँपालिकाको नीति तथा कार्यान्वयनमा सुधार गर्नुका साथै अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास समेत गर्ने उद्देश्य लिई यो प्रतिवेदन तयार पारिएको छ ।

### १.२ अनुगमनको उद्धेश्य

अनुगमनले संचालित योजना,आयोजना तथा क्रियाकलापहरुलाई व्यवस्थित, सरल, नतिजामूलक, विश्वसनीय र प्रभावकारी बनाई नीति निर्णय प्रक्रियालाई तथ्यपरक बनाउनुका साथै पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन प्रवर्द्धन गर्न सहयोग गर्ने मूल उद्देश्य लिएको छ ।

उपरोक्त उद्धेश्यहरुका साथै अनुगमनका निम्न उद्देश्यहरू रहेका छन् ।

- कार्यक्रम/आयोजना कार्यान्वयन चरणमा लगानी, क्रियाकलाप, प्रक्रिया र प्रतिफल सूचकहरूको आधारमा कार्यसम्पादन भए नभएको निर्धारण गर्न ।
- कार्यक्रम/आयोजनाको कार्यान्वयन चरण सम्पन्न भएपछि उक्त कार्यक्रम/आयोजनाको निर्धारित आयुसम्म निरन्तर सञ्चालनको लागि आवश्यक पर्ने स्रोतसाधन तथा मर्मत-सम्भार निश्चित गर्न ।
- कार्यक्रम/आयोजनाको आवश्यकता तथा सुनिश्चितता निर्धारण गर्न,कार्यक्रम/आयोजनाको पूर्ण विवरण स्पष्ट गर्न र सूचकहरू निर्धारण गर्न ।
- कार्यक्रम/आयोजनाको प्रगतिको समीक्षा गर्न,पूर्वनिर्धारित कार्ययोजनामा परिमार्जन गर्न वा सञ्चालन ढाँचामा आवश्यक परिवर्तन गर्न ।

- कार्यक्रम/आयोजनाको कार्यक्षमता, प्रभावकारिता र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न र कार्यक्रम/आयोजना सम्पन्न भएपछि थप कार्य (Follow-up) आवश्यक रहेको वा नरहेको निक्र्यौल गर्न ।
- संचालित कार्यक्रम/आयोजनाको प्रभाव र दिगोपनालाई ध्यानमा राखेर समीक्षा गर्न,भविष्यमा कार्यक्रम/आयोजनाको तर्जुमा र कार्यान्वयन गर्दा सुधार गर्नका लागि सिकाइ र सुझावहरू प्राप्त गर्नका लागि ।
- योजना कार्यान्वयनको विभिन्न चरणमा गरिने अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उचित समयमा सम्बोधन गर्न ।

## १.३ अनुगमनको ढाँचा एवं विधि

आयोजना कार्यान्वयन प्रक्रियालाई पारदर्शी तथा उत्तरदायी बनाउन सेवा प्रदायक र सेवाग्राहीको सहभागितामा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ । सहभागितामूलक अनुगमन तथा मूल्याङ्कनले संस्थागत सिकाइ अभिवृद्धि गर्ने, सरोकारवालाको धारणा बुझी आयोजनामा सुधार गर्ने र प्रभाव मूल्याङ्कन गरी सार्वजनिक उत्तरदायित्व वा जवाफदेहिता अभिवृद्धि गर्ने गर्दछ । साथै यसबाट सरोकारवालालाई आयोजनाको अवस्थाको जानकारी हुन गई समयमै प्रतिफल प्राप्तिमा सहयोग पुग्ने हुन्छ । तसर्थ ज्वालामूखी गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गाउँपालिका,वडा र अन्य निकायहरुबाट सञ्चालित क्रियाकलाप,आयोजना र योजनाको अनुगमनका लागि विभिन्न ढाँचा एवं विधिहरु प्रयोग गर्दै आइरहेको छ ।

विकास आयोजनाहरूको प्रगति विवरण वा सूचनाका आधारमा गरिने समीक्षा अपर्याप्त भएमा वा अनुगमन गर्ने निकायले कार्यथलोमा नै गई आफ्नै आँखाले तथ्य एकिन गर्न वा आयोजनाको व्यवस्थापन लगायत सम्बद्ध सरोकारवालाहरूको धारणा सङ्कलन गरी कार्यान्वयनमा आउनसक्ने समस्या समयमै पहिचान तथा समाधान गर्न आवश्यक देखेमा स्थलगत निरीक्षण गर्नुपर्दछ । बुँदागत रुपमा आयोजनाको स्थलगत अनुगमन/निरीक्षणका लागि देहाय बमोजिमका क्रियाकलापहरू गर्ने गरिएको छ :-

(क) आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनको सत्यता एकिन गर्न वास्तविकता अबलोकन गर्ने गरिएको ।
(ख) आयोजना कार्यान्वयनका क्रममा आइपरेका समस्याहरूबारे जानकारी लिने गरिएको ।
(ग) समस्या समाधानमा सहयोग गर्ने, आयोजना निर्माण स्थलमा नै निर्देशन दिने, समस्या समाधानका लागि व्यवस्थापनले गरेका प्रयासबारे जानकारी लिने, समस्या समाधानका निमित्त समन्वय गर्ने एवम् विभिन्न विकल्पहरू पहिचान गर्ने र समस्या तथा समाधानका विकल्पका वारेमा निर्णयकर्तालाई जानकारी गराउने ।
(घ) आयोजनाका सम्बन्धमा लाभग्राही वर्ग लगायत अन्य पक्षको धारणाबारे जानकारी लिने ।
(ङ) आयोजना र अन्य पक्षबीच कुनै विवाद परेमा समाधानका लागि सहयोग गर्ने ।

अनुगमन तथा सुपरीवेक्षण समितिले निर्धारित रुजुसूची (checklist) को आधारमा सेवाग्राहीहरूसँगै व्यवस्थित तरिकाले स्थलगत भ्रमण गरी नक्सामा रहेका सूचनाको सत्यता एकिन गर्ने गरेको छ । यस्तो भ्रमणले स्थानीय समुदायसँग सम्बन्ध स्थापित गर्न, नक्सामा उल्लेख गरिएका पक्षहरूलाई पुष्ट्यांई गर्न, स्थानीयवासीहरूका विकास कार्यका समस्या र समाधानका उपायका बारेमा अवगत गर्न मद्दत पुगेको छ । अनुगमन, निरीक्षण तथा अवलोकनका क्रममा निम्नानुसारका विधिहरू अपनाइएको थियो:

(क) स्थलगत अनुगमन, निरीक्षण तथा अवलोकन

(ख) आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरूसँग छलफल र अन्तरक्रिया

(ग) गाउँपालिकामा क्रियाशिल राजनीतिक दलका पदाधिकारी लगायतका अगुवाहरुसँगको अन्तरक्रिया

(घ) आयोजनाको उपभोक्ताहरसंगको अन्तरक्रिया र छलफल

## १.४ अनुगमनको सिमा

- महत्वाकांक्षी योजनाहरुको बाहुल्यता भएकाले सम्पूर्ण योजनाहरुको अनुमन प्रभावकारी हुन नसक्नु,
- योजनाको प्रभाव मूल्याङ्कनका लागि दक्ष जनशक्तिको अभाव
- आयोजना तर्जुमा प्रक्रियामा नै कम गुणस्तर खालका योजना तर्जुमा हुने गरेकाले नतिजा प्राप्ति गर्न कठिन
- योजनाको अनुगमन प्रक्रिया सहज नभइ खर्चिलो एवं बढी समयको खपत हुने हुदा समय खर्चिएर अनुगमन गर्न नसकिनु ।
- कठिन भौगोलिक अवस्था र उपभोक्ता समितिहरुबाट सृजना हुने अनावश्यक दवावले योजना अनुगमनमा सृजनात्मकता नभई तनावको वातावरण सृजना हुने ।

## भाग २ : तथ्य र तथ्याङ्कको प्रस्तुती,विश्लेषण र व्याख्या

### २.१ फिल्ड भ्रमण तथा अवलोकनको सारांश

#### २.१.१ सडक तथा गोरेटो बाटो

| क्र.सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु.... | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | गुरुङडाँडा तिदुबोटे मुर्छान चौतारा कृषि सडक | ज्वालामूखी-४ | २०७७/११/१९ | ३००००० | ८५ % | • लागत अनुमान अनुरुप ८० प्रतिशत नाला निर्माण भएको र बाँकी निर्माण नभएको ।<br>• फिल्ड प्राविधिकको सल्लाह बमोजिम काम सुचारु गर्नुपर्ने,<br>• काम सम्पन्न भएपछि अनिवार्य रुपमा फिल्ड प्राविधिकलाई देखाउनु पर्ने |
| २ | दारेगौडा साँधभञ्ज्याङ सडक स्तरउन्नती वडा नं ४ | ज्वालामूखी-४ | २०७७/१०/२८ | ४००००० | १०० % | • बाटोको ग्रेडिङ मिलेको,<br>• कडा चट्टान काटिएकाले लागत अनुमान अनुरुप बाटोको लम्बाई नपुगेको |
| ३ | कालिका काप्राभञ्ज्याङ रुपाकोट सडक सोलीङ | ज्वालामूखी-१ | २०७७/०९/२२ | ४००००० | ८५% | • लागत अनुमान अनुरुप सोलिङको मोटाई,चौडाई र कम्प्याक्सन नभएको<br>• फिल्ड प्राविधिकसंग कम समन्वय भएकाले समन्वय गर्नुपर्ने |
| ४ | रातमाटा शाखा सडक मर्मत | ज्वालामूखी-१ | २०७७/०९/२२ | ३००००० | ९०% | • लागत अनुमानमा चट्टान राखिएको तर सडक निर्माण गर्दा चट्टान नदेखिएको |
| ५ | वडाको शाखा सडक मर्मत | ज्वालामूखी-१ | २०७७/०७/०२ | ८००००० | १००% | • सडक मर्मतका लागि संख्या एकिन नभएको,<br>• केहि सडक योजना निर्माणमा दोहोरो पर्न गएको |
| ६ | सडक मर्मत | ज्वालामूखी-२ | २०७७/०८/०२ | ५००००० | १००% | • सडक मर्मतका लागि संख्या एकिन नभएको,<br>• केहि सडक योजना निर्माणमा दोहोरो पर्न गएको |
| ७ | वराम गाउँ हटिया कोट थोक तिलार सडक | ज्वालामूखी-३ | २०७७/१२/०८ | ३००००० | ९०% | • लागत अनुमान अनुरुप ७५ प्रतिशत नाला निर्माण भएको र बाँकी निर्माण नभएको । |
| ८ | शाखा सडक मर्मत | ज्वालामूखी-३ | २०७७/०८/०२ | ४५०००० | १००% | • सडक मर्मतका लागि संख्या एकिन नभएको,<br>• केहि सडक योजना निर्माणमा दोहोरो पर्न गएको |
| ९ | ढोला पुर्सु सडक मर्मत तथा निर्माण | ज्वालामूखी-४ | २०७७/०८/०६ | ५५०००० | १००% | • सडक मर्मतका लागि संख्या एकिन नभएको,<br>• केहि सडक योजना निर्माणमा दोहोरो पर्न गएको |
| १० | दोभानटार मण्डली मिलनचोक सडक स्तरोन्नती | ज्वालामूखी-४ | २०७७/०९/१२ | ३००००० | १००% | • लागत अनुमान बमोजिम काम सम्पन्न भएको भए पनि सिमेन्टसंग सम्बन्धित काममा क्यूरिङ कम भएको, |

| क्र.सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु.... | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| ११ | बराहकालिका वायूस्थान हुँदै अंगेरी विसौना सडक मर्मत तथा निर्माण | ज्वालामूखी-४ | २०७७/०९/१२ | ३००००० | १००% | • लागत अनुमान बमोजिम कतै कतै चौडाई कम भएकोमा दोस्रो पटक अनुमगन गर्दा अनुगमन टोलीको सुझाव अनुसार काम सम्पन्न भएको |
| १२ | घाटुलगाउने चौतारा टाङगुल सामयुती सडक | ज्वालामूखी-५ | २०७७/१०/१२ | ३००००० | १००% | • लागत अनुमान बमोजिम काम सम्पन्न भएको |
| १३ | साखा सडक मर्मत | ज्वालामूखी-५ | २०७७/०८/१० | ६००००० | १००% | • सडक मर्मतका लागि संख्या एकिन नभएको,<br>• केहि सडक योजना निर्माणमा दोहोरो पर्न गएको |
| १४ | शाखा सडकहरु मर्मत | ज्वालामूखी-६ | २०७७/०८/१० | ४००००० | १००% | • सडक मर्मतका लागि संख्या एकिन नभएको,<br>• केहि सडक योजना निर्माणमा दोहोरो पर्न गएको |
| १५ | कृषि सडक मगरबेशी गाउँ देखि डुँडे पँन्चिसे | ज्वालामूखी-६ | २०७७/१२/१६ | ३००००० | १००% | • लागत अनुमान भन्दा काम बढी भएको तर कतै कतै सडकको ग्रेडिङ नमिलेको, |
| १६ | मुख्यागाउँ झण्डादेबी माथिल्लो डाँडा काप्रीघारी गोरेटो बाटो | ज्वालामूखी-५ | २०७७/१२/०१ | ३५०००० | १००% | • समुदायको आवश्यकता अनुरुप योजना माग भएको र लागत अनुमान अनुरुप गुणस्तरीय काम भएको, |

ज्वालामूखी गाउँपालिकाबाट आ.व.२०७७/०७८ मा सडक निर्माणको लागि प्रस्तावित योजनाहरु उपभोक्ता समिति र ठेक्का प्रक्रियाबाट निर्माण व्यवसायी मार्फत निर्माण कार्य भइरहेका छन् । तीन लाख भन्दा बढी बजेट विनियोजन भई निर्माण सम्पन्न भएका अधिकांश सडक आयोजनाहरु डिजाइन र लागत अनुमान बमोजिम निर्माण भएपनि सडक निर्माणका लागि चाहिने आधारभूत मापदण्डहरु पुरा नभएको देखियो । निर्माण सम्पन्न योजनाहरु सूचीकृत भारी उपकरणको प्रयोग गरी निर्माण सम्पन्न गरिएको देखिएकाले आगामी दिनमा उपभोक्ता समिति मार्फत निर्माण गरिने सडक स्थानीय निर्माण औजारहरुको प्रयोग गरी निर्माण गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त प्रत्येक वडाबाट सडक निर्माण लागि प्राथमिकता निर्धारण गरी सडक निर्माणका लागि माग आउने गरेको र माग अनुरुप बजटे विनियोजन हुन नसक्दा गुणस्तरीय सडक निर्माण हुन नसकेको देखिन्छ ।

कतिपय सडक योजनाहरुको बजेट विनियोजनमा दोहोरोपना (संघ,प्रदेश र स्थानीय तह) हुँदा अनुगमनमा समस्या पर्ने गरेको छ । साठ्ठी प्रतिशत योजना निर्माणस्थलमा योजना सूचना पाटी नराखिएको देखिएकाले आगामी दिनमा योजना निर्माणको शुरुवात देखिनै योजना निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने देखिन्छ ।

उपभोक्ता समितिहिरुले निर्माण कार्यको प्रारम्भ देखिनै प्राविधिकको सल्लाह सुझाव अनुरुप योजना कार्यान्वयनको शुरुवात भएकोले डिजाइन र लागत अनुमान बमोजिम काम भएको, काममा अन्यौल नभएको पाईकोले आगामी दिनमा प्राविधिकको निगरानीमा काम संचालन गर्नुपर्ने देखिन्छ ।

निर्माण व्यवसायी मार्फत निर्माण सम्पन्न भएका सडक योजनाहरुमा प्रयोग भएका सामाग्री कम गुणस्तरका देखिन आएको र तोकिएको समयमा निर्माण सम्पन्न्न नभएको देखिन आएकाले आगामी दिनमा यसलाई सुधार गर्नु पर्ने देखिन्छ । अनुगमन गरिएका सडक तथा गोरेटो बाटो निर्माण योजनाहरुको भौतिक प्रगति ८५ देखि १०० प्रतिशत भएको देखिन्छ ।

## २.१.२ खानेपानी

गाउँपालिका र वडा कार्यालयबाट खानेपानीको निर्माण र मर्मतका लागि प्रयाप्त बजेट विनियोजन भएकोमा एक घर एक धारा निर्माणको अवधारणा अनुरुप निर्माण सम्पन्न भएका,निर्माण सामाग्रीमा बाह्य निर्माण सामाग्रीको गुणस्तर कम हुने गरेको,प्रस्तावित गरिएको योजना र निर्माण हुने योजनामा अन्तर रहेको देखिएको छ ।

समुदायको वास्तविक आवश्यकता भएको योजनामा गुणस्तरीय काम भएको र कम आवश्यकता भएको योजनामा कामको कम गुणस्तर भएको देखिएको छ । सामाग्री खरिद गर्दा खरिद सम्बन्धी आवश्यक प्रक्रिया पुरा नगरी सामाग्री खरिद गरिएको पाइएको छ । फिटिङ् सामाग्री खरिदमा पनि ध्यान नपुऱ्याएको र खरिद गर्नुपर्ने सामाग्रीको मात्रामा फरक परेको देखिन्छ । अनुगमन सम्पन्न भएका योजनाहरुको भौतिक प्रगति ९० देखि १०० प्रतिशत सम्म भएको देखिन्छ ।

२.१.२ खानेपानी

| क.सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु.... | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | तामाङगाउँ ढोडेनी खानेपानी ट्याङ्की निर्माण | ज्वालामूखी-७ | २०७७/१०/०७ | ३००००० | १०० % | • लागत अनुमान बमोजिम ईन्टेक र आर.भि.टि निर्माण भएको<br>• समुदायको वास्तविक आवश्यकता भएकाले गुणस्तरिय काम भएको देखिएको । |
| २ | खानेपानी पाइप खरिद | ज्वालामूखी-१ | २०७७/१२/१८ | ५००००० | १००% | • लागत अनुमान बमोजिम पाईप खरिद नभएको |
| ३ | राना गाउँ खानेपानी | ज्वालामूखी-३ | २०७७/१०/२५ | ३००००० | १०० % | • लागत अनुमान बजार सामाग्रीको खरिदको लागि भएको र सोही बमोजिम सामाग्री खरिद भएको भए पनि सम्पूर्ण सामाग्रीको फोटो उपलब्ध नभएको ।<br>• समुदायले अतिरिक्त काम थप गरी धारा निर्माण भएको देखिएको । |
| ४ | डाँडपुर्सु कामिगाउँ खानेपानी कार्यक्रम | ज्वालामूखी-४ | २०७७/१२/०८ | ३००००० | १०० % | • लागत अनुमान बमोजिम काम भएको<br>• ट्याङ्की निर्माण भई लिफ्टको जि.आई.पाईप लाईन तानिएको<br>• स्थानीय उपभोक्ताले श्रमदानबाट वितरण लाईन खन्दै गरेको । |
| ५ | खानेपानी एक घर एक धारा कार्यक्रम चुलिडाँडा | ज्वालामूखी-६ | २०७७/१२/१६ | ३००००० | १०० % | • लागत अनुमान २७ वटा धारा निर्माणको लागि भए पनि र थप एक धारा निर्माण भई २८ वटा धारा निर्माण भएको,<br>• फिटिङ्ग सामाग्रीको फोटो उपलब्ध नभएको |
| ६ | खानेपानी पाइप खरिद | ज्वालामूखी-६ | २०७७/१२/१० | ३००००० | ९०% | • लागत अनुमान अनुरुप २० एमएमको पाईप २०० मीटर कम आएको,<br>• खरिद भएको पाईप कम गुणस्तरको भएको । |

२.१.३ सिंचाई

| क.सं. | योजनाको नाम | अनुगमन मिति | विनियोजित बजेट | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्यहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

प्रतिवेदन अवधिमा कुनै पनि प्रकारका पुलहरु निर्माण कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन ।

२.१.४ सडक/झोलुङ्गे/ट्रस पुल निर्माण

| क.सं. | योजनाको नाम | अनुगमन मिति | विनियोजित बजेट | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्यहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

प्रतिवेदन अवधिमा कुनै पनि प्रकारका पुलहरु निर्माण कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन ।

२.१.५ फोहोरमैला व्यवस्थापन

| क.सं. | योजनाको नाम | अनुगमन मिति | विनियोजित बजेट | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन ।

२.१.६ वातावरण तथा जलवायु परिवर्तन

| क.सं. | योजनाको नाम | अनुगमन मिति | विनियोजित बजेट | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन ।

२.१.७ आवास तथा भवन

| क.सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु.... | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्यहरु |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य केन्द्र स्थापना | ज्वालामूखी-३ | २०७७/१०/०२ | १०००००० | १००% | • लागत अनुमान बमोजिम काम भएको<br>• थप अतिरिक्त काम भान्सा कोठा भित्र स्ल्याव राखिएको |
| २ | तल्लो हटिया बगैचा सामुदायिक भवन निर्माण | ज्वालामूखी-२ | २०७७/११/१९ | ३००००० | ८५% | • लागत अनुमान बमोजिम भवनको लम्बाई र चौडाई नपुगेको<br>• |
| ३ | माथिल्लो दलित बस्ती सामुदायिक भवन, धुसेनी | ज्वालामूखी-५ | २०७७/१०/२८ | ३००००० | १००% | • लागत अनुमान बमोजिम काम भएको |
| ४ | सामुदायिक भवन आले गाउँ | ज्वालामूखी-५ | २०७७/११/०३ | ४००००० | ९०% | • लागत अनुमान बमोजिम भवनको लम्बाई र चौडाई नपुगेको<br>• फाउन्डेसनको पर्खालको उचाई नपुगेको<br>• मेटलको काम लागत अनुमान भन्दा कमको सामाग्री आएको |
| ५ | भत्के पौवा च्याँन डाँडा ट्रस निर्माण | ज्वालामूखी-५ | २०७७/१०/२८ | ४००००० | १००% | • लागत अनुमान बमोजिम काम भएको |

गाउँपालिकाबाट वडा कार्यालय,सामुदायिक भवन र गाउँघर क्लिनिक जस्ता संरचनाहरु निर्माण र मर्मत भएको देखिन्छ । सामुदायिक भवन उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका तर उक्त संरचनाहरु बालमैत्री,अपाङ्गमैत्री नभएको देखिएकाले आगामी दिनमा यसमा ध्यान दिनु पर्ने देखिन्छ । अनुगमन सम्पन्न भएका योजनाहरुको भौतिक प्रगति ८५ देखि १०० प्रतिशत सम्म भएको देखिन्छ ।

२.१.८ ऊर्जा एवं विद्युतीकरण

| क.सं. | योजनाको नाम | अनुगमन मिति | विनियोजित बजेट | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्यर सुझावहरु |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

प्रतिवेदन अवधिमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै पनि प्रकारका कार्यको अनुगमन नभएकाले यहाँ उल्लेख गरिएको छैन ।

२.१.९ पर्यटन प्रवर्द्धन एवं सांस्कृतिक सम्पदा

| क. सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु.... | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्य र सुझावहरु |
|---|---|---|---|---|---|---|
| १ | मैदीकोट प्रचार प्रसार तथा पर्यटन प्रवर्द्धन | ज्वालामूखी-३ | २०७७/०९/१६ | ३५०००० | १००% | • काम सम्पन्न भएको |
| २ | बाल उद्यान | ज्वालामूखी-६ | २०७७/१२/१६ | ४००००० | १००% | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |
| ३ | भदुवार कालिका मन्दिर निर्माण | ज्वालामूखी-५ | २०७७/१२/०१ | ३००००० | १००% | • लागत अनुमान बमोजिम गुणस्तरीय काम सम्पन्न भएको |

सांस्कृतिक सम्पदा अन्तर्गत मन्दिरहरुको निर्माण,मर्मत तथा जिर्णोदार तथा प्रचार प्रसार गर्ने कार्य भएको देखिन्छ । त्यसैगरी बालउद्यान निर्माणको लागि बजेट विनियोजन भएको र उक्त उद्यान निर्माण सम्पन्न भइसकेको छ । अनुगमन सम्पन्न भएको सम्पूर्ण योजनाहरुको भौतिक प्रगति सत प्रतिशत रहेको छ ।

## २.१.१० कृषि तथा पशु विकास

| क. सं. | योजनाको नाम | योजनास्थल/ ठेगाना | अनुगमन मिति | विनियोजित बजेट रु.... | भौतिक प्रगति | अनुगमन गर्दा देखिएका तथ्यहरु |
|---|---|---|---|---|---|---|
| १ | पशुपति महिला कृषक समूह,तल्लो रामपुर बाखाको खोर निर्माण | ज्वालामूखी-७ | २०७७/११/१८ | ३००००० | ८५% | • लागत अनुमान अनुरुप खोर निर्माण कार्य भएको |
| २ | ब्याड बोका खरिद | ज्वालामूखी-२ | २०७७/११/१९ | ३००००० | १००% | • प्रतिबोका रु ९५००० का दरले ३ वटा बोका खरिद भएका र बाँकी ढुवानीमा खर्च |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भएको |
| ३ | हाते ट्याक्टर खरिद | ज्वालामूखी-२ | २०७७/११/१९ | ४००००० | ९५% | • हाते ट्याक्टर खरिद भएको |

कृषि तथा पशु विकास अन्तर्गतका कार्यक्रमहरु सम्बन्धित शाखाको कर्मचारीसंगको निगरानीमा हुने गरेको र प्राविधिकको सल्लाह बमोजिम काम संचालन भएकाले गुणस्तरीय काम भएको देखिन्छ र सम्पन्न योजनाहरुको भौतिक प्रगति ९५ प्रतिशतदेखि १०० प्रतिशत रहको छ ।

## भाग ३ : प्रमुख उपलब्धिहरु

- आवधिक रुपमा योजनाको अनुगमन र सुपरीवेक्षण हुने हुदा प्रस्तावित योजनाहरुलाई मनोमानील्य रुपमा कार्यान्वयन गर्नमा कमी आएको,
- उपभोक्ता समितिले प्राविधिकको प्रत्यक्ष निगरानीमा निर्माण कार्य गर्ने भएकाले उक्त काम गुणस्तरयुक्त हुन गरेको ।
- अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस अनुरुप योजनाको भुक्तानी गर्ने प्रावधानले गर्दा गुणस्तरीय काम हुने गरेको ।
- दवावको भरमा भुक्तानी गर्ने परिपाटीको अन्त्य भएको ।

## भाग ४ : प्रमुख समस्याहरु

- टुक्रे योजनाहरुको संख्या धेरै भएकाले अनुगमन गर्न कठिनाइ हुने गरेको ।
- एउटै योजनाको नाममा धेरै ठाउँमा काम हुने भएकाले अनुगमनलाई चूस्त दुरुस्त गर्न नसकिएको ।
- अनुगमन कार्यमा वडास्तरका जनप्रतिनिधिको कम संलग्नता हुने गरेको र उपभोक्ता समितिको अध्यक्षलाई मात्र उक्त काममा जिम्मेवार बनाउने गरिएको ।
- अनुगमन तथा सुपरीवेक्षण समितिको वैठक निर्धारित समयमा नहुनु, वैठक भए पनि औपचारिकतामा सीमित रहनु ।
- निर्धारित समय र तोकिएको ढाँचामा अनुगमन प्रतिवेदन प्रस्तुत गर्ने नगरेको ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणको कार्यान्वयन नहुने ।
- अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न कर्मचारीहरुमा उत्प्रेरणाको अभाव, छिटोछिटो सरुवा हुनु ।
- अनुगमन तथा मूल्यांकन प्रणाली प्रक्रियामुखी तथा कागजी प्रकृतिको हुनु ।
- अनुगमन तथा मूल्यांकन प्रणाली सहभागितात्मक नहुनु ।
- निष्पक्ष तथा वस्तुगत कार्य सम्पादन अनुगमन र मूल्यांकन गरी पुरस्कार, सुधार तथा दण्डको नीति अवलम्बन नगर्नु ।
- आधुनिक तथा वैज्ञानिक प्रविधिको प्रयोग अपेक्षित रुपमा हुन नसक्नु ।

## भाग ५ : सिकाईहरु

- निश्चित समय तालिका अनुसार अनुगमन गर्दा  दैनिक सेवा प्रवाहमा समस्या हुने नगरेको ।
- उपभोक्ता समिति र निर्माण व्यवसायीलाई पूर्व सूचना गरेर अनुगमन गर्दा सम्पूर्ण सदस्यहरुसंग छलफल र पुष्ठपोषण गर्न सहज हुने गरेको ।
- अनुगमन कार्यमा समग्र समितिका सदस्यहरुको अनिवार्य उपस्थितिले भुक्तानी सिफारिसमा सहज हुने गरेको ।

## भाग ६ : निष्कर्ष र सुझावहरु

### ६.१ निष्कर्ष

नेपालमा राजनीतिक रुपान्तरणको कार्य सम्पन्न भए पश्चात् तीनै तहका सरकारहरुले व्यवस्थापिका,कार्यपालिका र न्यायपालिकाको अभ्यास गरिरहेका छन् । तसर्थ सङ्घीयताको अभ्यास गर्ने क्रममा गाउँपालिकाको अवको ध्यान आर्थिक, सामाजिक रुपान्तरणतर्फ केन्द्रित हुनुपर्ने वास्तविकलाई हृदयंगम गर्दै शिक्षा,स्वास्थ्य,कृषि,पर्यटन र पूर्वाधार-समृद्ध ज्वालामूखीको मूल आधारको नारा तय गरेर त्यस दिशातर्फ गाउँपालिका अघि बढ्न खोजिरहेको छ । विद्यमान शासन प्रणालीमा भएको रुपान्तरणसँगसँगै जनताका माग र अपेक्षा बढ्दै गएको सन्दर्भमा जनताले परिवर्तनको प्रत्यक्ष अनुभूत गर्ने गरी गाउँपालिकाको समग्र विकास प्रक्रियालाई अगाडि बढाउनु अति जरुरी देखिएको छ । अन्यथा नयाँ व्यवस्थाप्रति पनि जनताको विश्वास र भरोसा विस्तारै घट्दै र हट्दै जानसक्छ । यसको परिणामस्वरुप कठिन संघर्ष र बलिदानीबाट प्राप्त गरेको नयाँ व्यवस्था पनि असफल हुन गई सिंगो देश नै असफल राष्ट्र बन्ने
दिशातर्फ अघि बढ्न सक्छ । तसर्थ उपरोक्त सुझावहरुलाई ग्रहण गर्दै ज्वालामूखी गाउँपालिकाको योजनाको कार्यान्वयन र अनुगमन एवं मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

### ६.२ सुझावहरु :

- स्तरीय तथा सहभागितात्मक अनुगमनमा जोड दिने
- अनुगमन पश्चात् पृष्ठपोषण,पुरस्कार र दण्डको व्यबस्था गर्ने,
- आगत,क्रियाकलाप र नतिजामूलक अनुगमनलाई फरक फरक स्तरमा राखी प्रतिफलमा नभइ प्रभाव अनुगमनमा जोड दिने
- नतिजामूलक तथा प्रभावकारी अनुगमन, मूल्यांकन प्रणालीको विकास र अभ्यास गर्ने ।
- एकीकृत सूचना प्रणालीको विकास तथा अनुगमन मूल्यांकनको कार्यशैली, प्रक्रिया र संरचनामा परिवर्तन गरी स्वचालित संयन्त्रको निर्माण गर्ने ।
- अनुगमन तथा मूल्यांकन कार्यमा संलग्न जनशक्तिको सीप र दक्षता अभिबृद्धि गर्ने ।
- आयोजना कार्यक्रमहरुसँग सम्वन्धित निकाय र जनशक्तिको कार्य सम्पादन मूल्यांकनलाई आयोजनाको प्रगतिसँग आवद्ध गर्ने ।
- अनुगमन तथा मूल्यांकनबाट प्राप्त नतिजालाई योजना, कार्यक्रम तथा आयोजना तर्जुमा, कार्यान्वयनमा पृष्ठपोषणको रुपमा प्रयोग गर्ने पद्धतिको विकास गर्ने ।
- स्वतन्त्र तथा तेस्रो पक्षबाट पनि अनुगमन तथा मूल्यांकन कार्यका लागि आवश्यकता अनुसार परिचालन गर्नुपर्ने ।
- सार्वजनिक सरोकारका आयोजनाहरुको अनुगमन तथा मूल्यांकनमा लाभग्राही सरोकारवालाहरुलाई समेत संलग्न गराउनु पर्ने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने,वेवमा आधारित तथा स्वचालित अनुगमन प्रणालीको विकास र विस्तार गर्ने । आगामी दिनहरुमा योजनाको अनुगमन गर्दा Solstice एपको प्रयोग गरेमा प्रभावकारी अनुगमन हुन जाने र तत्काल प्रतिवेदन पनि स्वतः निर्माण हुने हुँदा यो मोबाइल एप्सको प्रयोग गर्दा उपयुक्त हुने ।
- अनुगमन, मूल्यांकनको लागि निश्चित बजेट विनियोजन गर्नुपर्ने कानूनी व्यवस्था गर्नुपर्ने ।
- हरेक विषयगत शाखाले वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गर्नुपर्ने ।

अनुसुचीहरु



वार्ड नं ०४ दारे गौँडा साधभञ्ज्याङ सडक स्तरोन्नति



वार्ड नं ०४ दारे गौँडा साधभञ्ज्याङ सडक स्तरोन्नति



वार्ड नं ०६ बाल उध्यान निर्माण



वार्ड नं ०६ बाल उध्यान निर्माण



वार्ड नं ०२ ट्रस भवन निर्माण




वार्ड नं १ कागति बिरुवा अनुदानमा बितरण



वार्ड नं ०६ पाईप खरिद



दोबानटार मिलनचोक सडक नाला निर्माण वडा नं ०४



वाडा नं ६ Foot trail निर्माण



वडा नं ६ Foot trail निर्माण



वडा नं २ सिंचाई कुलो निर्माण



वाडा नं ६ मन्दिर निर्माण



वाडा नं ६ नयाँ ट्राक निर्माण



वार्ड नं ०१ पाईप खरिद कार्यक्रम



वार्ड नं ०७ ट्याङ्कि निर्माण



वार्ड नं ०४ ट्याङ्कि निर्माण



वडा नं २ सिंचाई पोखरि निर्माण



जिलिम खोला सडक निर्माण कार्य वडा नं ०४

अनुसुची २ : अनुगमन तथा सुपरीवेक्षण समितिका पदाधिकारीहरु

| क्र.सं. | नाम थर | लिङ्ग | पद | हस्ताक्षर |
| --- | --- | --- | --- | --- |
| १. | श्री जानुका सिंखडा | महिला | संयोजक | |
| २. | श्री कृष्ण प्रसाद काप्री | पुरुष | सदस्य | |
| ३. | श्री तेजनाथ लोहनी | पुरुष | सदस्य | |
| ४. | श्री रन बहादुर शाही | पुरुष | सदस्य | |
| ५. | श्री जुना राना मगर | महिला | सदस्य | |
| ६. | श्री बद्रिनाथ लम्साल | पुरुष | सदस्य | |
| ७. | श्री विदुर शर्मा नेपाल | पुरुष | सदस्य | |
| ड. | श्री उद्धव रिमाल | पुरुष | सदस्य | |
| ढ. | श्री बावुराम दुवाडी | पुरुष | सदस्य सचिव | |

धन्यवाद !

प्रतिवेदक

जानुका सिंखडा
संयोजक
अनुगमन तथा सुपरीवेक्षण समिति